annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १५२, पृष्ठ ८ | काठमाडौं, मंगलबार १३ असोज २०८३ | आश्विन कृष्णपक्ष तृतीया नेपाल संवत् ११४६ | TUESDAY, SEPTEMBER 29, 2026 | मूल्य : रु. १०

फास्ट ट्र्याक, सुस्त ताल

एक महत्त्वाकांक्षी आयोजनाको नमिठो कथा

काठमाडौं-तराई फास्ट ट्र्याक सामान्य सडकमार्ग मात्र होइन, मुलुकको समृद्धिसँग जोडिएको एक महत्त्वाकांक्षी आयोजना पनि हो। तर, राष्ट्रिय गौरवको यो आयोजना निर्माण सुरु भएको ९ वर्ष बितिसक्दा पनि आधा काममै अल्झिनुले नेपालको पूर्वाधार क्षेत्रमा व्याप्त चरम लापरबाही, ढिलासुस्ती र अक्षमतालाई नांगो पारेको छ।

भवनाथ प्याकुरेल | *काठमाडौं*

समाचार पृष्ठ २



सरकारको ६ महिना

सुशासनमा आशा, कार्यशैलीमाथि प्रश्न

सुरेन्द्र काफ्ले | *काठमाडौं*

वालेन्द्र शाह नेतृत्वमा सरकार गठन भएको मंगलबार ६ महिना पूरा भएको छ। २०८२ साल फागुन २१ गते सम्पन्न आमनिर्वाचनमा नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संसद्मा १ सय ८२ सिटसहित स्पष्ट बहुमत हासिल गरेपछि वालेन्द्र देशको प्रधानमन्त्री बनेका थिए।

सरकार गठनलगत्तै बसेको पहिलो मन्त्रिपरिषदको बैठकले शासकीय सुधार, सुशासन र नागरिक राहतलाई केन्द्रमा राखेर १०० वटा प्रमुख कार्यसूची (एजेन्डा) सार्वजनिक गरेको थियो। सरकारले सुशासन र पारदर्शिता, डिजिटल रूपान्तरण, कानुनी तथा नीतिगत सुधार र नतिजामुखी अनुगमनलाई आफ्नो प्राथमिक कार्यक्षेत्र घोषणा गरेको थियो।

देशलाई कुन दिशामा लैजाने भन्ने स्पष्ट रूपरेखा तयार पार्न सरकारले ७ हप्ता, १ महिना, ४५ दिन, ३ महिना, ६ महिना, १ वर्ष, २ वर्ष हुँदै १० वर्षसम्मको अल्पकालीन तथा दीर्घकालीन कार्यसूची तय गरेको थियो। तर, सुरुवाती दिनमा देखिएको उत्साह र सुधारका प्रयासहरू ६ महिना पुग्दा अपेक्षाकृत रूपमा अघि बढ्न नसकेको र विभिन्न समस्याहरू झन् बल्झिँदै गएको विश्लेषण हुन थालेको छ।

सुरुवाती आशा र सुशासनको थालनी

सरकार सञ्चालनको सुरुवाती चरणमा सुशासन र प्रशासनिक सुधारका क्षेत्रमा केही सकारात्मक र उत्साहजनक लक्षणहरू देखिएका थिए। सार्वजनिक सेवा प्रवाहलाई छरितो बनाउने, आम जनतालाई सरकारका तर्फबाट तत्काल राहत उपलब्ध गराउने, भ्रष्टाचार नियन्त्रण गर्ने र राज्यको प्रशासनिक खर्च कटौती गर्ने जस्ता सकारात्मक पहलहरू भएका थिए।

खासगरी फजुल खर्च नियन्त्रण र प्रशासनिक संरचनाको साँगुरोकरणमा सरकारले साहसिक कदम चाल्यो। वर्षौंदेखि राज्यको ढुकुटीमा बोझ बनिरहेका अनावश्यक बोर्ड, समिति र निकायहरू खारेज गरिए। पूर्ववर्ती सरकारहरूले बढाएर २२ पुऱ्याएको संघीय मन्त्रालयको संख्या घटाएर १८ मा सीमित गरियो। निजामती प्रशासन र संस्थानहरूमा दलीय प्रभाव अन्त्य गर्न दलगत ट्रेड युनियनहरू खारेज गरियो भने विभिन्न निकायमा अघिल्ला सरकारहरूले गरेका करिब १५ सय राजनीतिक नियुक्तिहरू रद्द गरिए।

ताली पाएका

१. प्रशासनिक फजुल खर्च कटौती
२. मन्त्रालयको संख्या कटौती
३. राजनीतिक नियुक्ति र दलगत ट्रेड युनियन खारेजी
४. पूर्वविशिष्टको सम्पत्ति छानबिन आयोग गठन
५. १०० वटा शासकीय सुधारका कार्यसूची सार्वजनिक
६. सार्वजनिक सेवा प्रवाह र राहतमा सुरुवाती सक्रियता

गाली पाएका

१. सल्लाहकारको हालीमुहाली र कर्मचारी अविश्वास
२. राजनीतिक प्रतिशोध र बिनापुर्जी गिरफ्तारी
३. संसद्, संविधान र संवैधानिक निकायको उपेक्षा
४. मेरिटोक्रेसीको उल्लंघन र मर्यादाक्रम मिचिएको नियुक्ति
५. वैकल्पिक व्यवस्थाविहीन सुकुम्बासी विस्थापन
६. अर्थतन्त्र, कर वृद्धि र कूटनीतिक अपरिपक्वता

भ्रष्टाचार नियन्त्रणको दिशामा महत्त्वपूर्ण कदम मान्दै सरकारले २०४६ सालको राजनीतिक परिवर्तनयताका पूर्वप्रधानमन्त्री र पूर्वमन्त्रीहरूको सम्पत्ति छानबिन गर्न एक उच्चस्तरीय आयोग गठन गऱ्यो।

» बाँकी पृष्ठ ६

सांसदविरुद्ध अभिव्यक्ति दिँदा दुर्गा प्रसाईं पक्राउ

अन्नपूर्ण | *काठमाडौं*

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गाप्रसाद प्रसाईं सोमबार पक्राउ परेका छन्।

नेपाल प्रहरीको केन्द्रीय साइबर ब्युरोले भक्तपुरस्थित निवासबाट प्रसाईंलाई पक्राउ गरेको हो। रास्वपा सांसद रचना खतिवडाविरुद्ध दिएको अभिव्यक्तिको विषयलाई लिएर उनलाई पक्राउ गरिएको हो। विद्युतीय कारोबार ऐन, २०६३ विपरीतको कसुर गरेको आरोपमा अनुसन्धान हुने प्रहरीले जनाएको छ।

खतिवडाले असोज ६ गतेको प्रतिनिधिसभा बैठकमा आफूविरुद्ध अपमानजनक टिप्पणी भएको भन्दै भक्कानिएकी थिइन्। रचना जेन-जी आन्दोलनमा मृत्यु भएका रसिक खतिवडाकी आमा हुन्।

काठमाडौं जिल्ला अदालतले प्रसाईंलाई ३ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ। प्रसाई यसअघि पनि पटक-पटक पक्राउ परेका थिए।

हिउँमुनि हराएका ‘हिम्लुङ’का सपना

आधार शिविरमा ४ को शव भेटियो, १२ जना अझै बेपत्ता

शिवप्रसाद ढुंगाना | *काठमाडौं*

मौसमको बेवास्ता र बंगालको खाडीबाट उठेको जलवाष्पयुक्त प्रणालीले यसपटक हिमाली जिल्ला मनाङलाई नराम्ररी गाँज्यो। शरद ऋतुको पर्वतारोहण मौसम सुरु हुँदै गर्दा आफ्ना परिवारको रोजीरोटी र सपनाको भारी बोकेर हिम्लुङ हिमालको आधार शिविर पुगेका सहयोगी हातहरू हिउँको बाक्लो तहमुनि हराएका छन्। भने तल्लो क्षेत्रका बस्तीहरू मर्स्याङ्दीको लेदो र पहिरोको चपेटामा परेका छन्।

मौसमको बेवास्ता, जलवायु परिवर्तनको असर र बंगालको खाडीबाट उठेको जलवाष्पयुक्त मौसमी प्रणालीको दुष्प्रभाव हिमाली जिल्ला मनाङमा यतिबेला सन्नाटा र शोक छाएको छ।

असोजको ८ गतेदेखि ११ गतेसम्म परेको अविरल वर्षा, माथिल्लो भेगको भारी हिमपात र त्यसपछिको विनाशकारी बाढी-पहिरोले पर्यटकीय जिल्ला मनाङको जनजीवनलाई पूर्णरूपमा अस्तव्यस्तमात्र बनाएको छैन, पर्वतारोहणको इतिहासमै गहिरो र कहिल्यै नपुरिने घाउ छाडिदिएको छ।

शरद ऋतुको पर्वतारोहण मौसम सुरु भएसँगै आफ्ना परिवारको उज्ज्वल भविष्य, रोजीरोटी र सपनाको भारी बोकेर हिम्लुङ हिमालको आधार शिविर पुगेका सहयोगी हातहरू हिउँको १५ फिटभन्दा बाक्लो तहमुनि हराएका छन्। उता तल्लो क्षेत्रका पर्यटकीय बस्तीहरू मर्स्याङ्दीको लेदो, भेल र भीषण पहिरोको चपेटामा परेर छटपटाइरहेका छन्। एकातिर आफ्ना प्रियजनको शव हेलिकप्टरमा बोक्नुपरेको पीडा छ भने अर्कातिर सिंगो जिल्ला नै सञ्चार र सडक सञ्जालबाट बिछोडिएको छ। हिउँ पहिरोमा परेकाहरूको उद्धार कठिन भएकाले फर्किने तयारी भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलले बताए। उनले भने, ‘४ जनाको शव भेटिएको छ, टोली हिउँको बाक्लो तह पल्टाएर शव खोज्ने अवस्था नभएकाले फर्किने तयारीमा भएको जानकारी पाएको छु।’

» बाँकी पृष्ठ ६